**सुदूरपश्चिम प्रदेश**

**मन्त्रिपरिषद बैठकको निर्णयहरु**

**प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- २६/२०७५**

**मितिः- २०७५/०६/१९**

२०७५ साल असोज १९ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, ७ नं. प्रदेश, धनगढी, कैलालीमा बसेको मन्त्रिपरिषदको निर्णयः-

**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. २६/८२-२०७५।०६।१८ को प्रस्तावमा उल्लेख भए वमोजिम प्रदेश आर्थिक ऐन, २०७५ (पहिलो संसोधन विधेयक) प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति दिने ।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं.२६/८३-२०७५।०६।१८ को प्रस्ताव भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ७ का माननीय मन्त्री श्री विनिता चौधरी अर्जेन्टीनाको Buenos Aires मा २२ देखि २६ अक्टोवर २०१८ सम्म Cooperar नामक संस्थाले आयोजना गरेको सहकारी सम्मेलनमा सहभागिताकालागि छलफल हुँदा माननीय कृषि मन्त्री श्री विनिता चौधरी, माननीय प्रदेश सभा सदस्य श्री तारालामा तामाङ्ग र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयवाट तोकिएका कर्मचारी १ जना समेत गरी ३ जना उक्त सहकारी सम्मेलनमा प्रदेश सरकारवाट भ्रमण खर्च व्यहोर्ने गरी सहभागि हुन स्वीकृतिकालागि नेपाल सरकार समक्ष सिफारिश गरी पठाउने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. २६/८४-२०७५।०६।१८ को प्रस्ताव “प्रदेश स्वरोजगार विकास कोष विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने” सम्वन्धमा छलफल हुदा “सुदूरपश्चिम स्वरोजगार कोष विधेयक, २०७५” तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

४.प्रदेश सभा सचिवालयको प.स. २०७५।०७६ च.नं. २०४ मिति २०७५।०६।१४ को पत्रसाथ प्राप्त प्रदेश सभाको मिति २०७५ आश्विन १२ गतेको छयालिसौ बैठकको दुईतिहाई वहुमतवाट पारित भएको प्रदेशको स्थायी राजधानी र नामाकरण सम्वन्धि प्रस्ताव कार्यान्वयनको सम्वन्धमा छलफल हुँदा स्थायी राजधानी र नामाकरण सम्वन्धी सूचना राजपत्रमा प्रकाशनकालागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा लेखि पठाउने ।